# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# राम प्रसाद राई गाउँपालिका, भोजपुर




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या :२०७६/७७ मिति: २०७७/३/२०
च.नं. ४११
श्री अध्यक्षज्यु,
राम प्रसाद राई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
भोजपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश न

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१९

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal


पत्र संख्या: ०७६।७७
च.नं: : ४११ मिति: २०७७।३।२०

श्री प्रमुख ज्यू,
राम प्रसाद राई गाउँपालिका,
भोजपुर ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले राम प्रसाद राई गाउँपालिका, भोजपुरको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. २ करोड ४६ लाख बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३१ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ०५ लाख ११ हजार र पेश्की रु. ३ लाख रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०५।३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया साथ वेरुजु पुष्ट्याँई गर्ने प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १३(तेह्र) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गरी स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्वेश्य रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**आर्थिक वर्ष २०७५।७६ को एकीकृत आय व्यय विवरण**

| क्र.सं. | आय तर्फ | | | क्र.सं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | आय रु. | जम्मा आय | | विवरण | व्यय रु. | जम्मा व्यय |
| १ | गत अ.ल्या. | | ४११३२१७१.७५ | १ | वित्तिय समानिकरण | | |
| ङ्क | मूल खाता | ४०६३९०५२.७५ | | क | चालू | | २९००५३३५.०० |
| ख | अन्य विविध आय | ४९३११९.०० | | ख | पुंजीगत | | ८१२१३३५७.०० |
| २ | वित्तिय समानीकरण अनूदान | | ७६३०००००.०० | २ | सशर्त अनूदान | | १०३२६५९६१.०० |
| ३ | सशर्त अनूदान | | ११४६१२०००.०० | ३ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | ४६९९०००.०० |
| ४ | नेपाल सरकार राजश्व बाँडफाँड | | ४७६९६३८८.७९ | ४ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | | ३०५०००.०० |
| ५ | प्रदेश सरकार वित्तिय समानिकरण | | ३३१९०००.०० | ५ | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | ४२४५४५७.०० |
| ६ | प्रदेश सरकार सवारी साधन ( राजश्व बाँडफाँड) | | २४०४४८४.१३ | ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | १८३५४४०.०० |
| ७ | प्रदेश सरकार सशर्त अनूदान | | १३५०००००.०० | ७ | प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम | | १४६००००.०० |
| ८ | गरिवसंग विश्वेश्वर कार्यक्रम | | ५३९४०००.०० | ८ | प्रदेश सरकार सशर्त अनूदान | | ४९००००.०० |
| ९ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | | ३०५०००.०० | ९ | सामाजिक सूरक्षा भता | | २८७११२००.०० |
| १० | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | ४४०००००.०० | १० | सडक बोर्ड नेपाल | | ४३६०००.०० |
| ११ | प्रधानमन्त्री रोजगारकार्यक्रम | | ३१६७०६२.०० | ११ | आन्तरिक श्रोत | | ८९१०००.०० |
| १२ | प्रदेश निर्वाचन क्षेत्र विकास कार्यक्रम | | १६०००००.०० | १२ | कर्मचारी कल्याण कोष खातामा ट्रान्सफर | | ८८२०८०.०० |
| १३ | सामाजिक सूरक्षा भता | | ३१०९५०००.०० | १३ | विपद व्यवस्थापन कोष खातामा ट्रान्सफर | | १००००००.०० |
| १४ | आन्तरिक श्रोत | | १८६९९३६.४० | १४ | आर्थिक साहायता खातामा ट्रान्सफर | | १००००००.०० |
| १५ | सडक बोर्ड नेपाल | | ४४९०९७.०० | १५ | संस्कृति प्रर्वर्धन कार्यक्रम | | २५०००००.०० |
| १६ | मालपोत कार्यालय भोजपूर राजश्व | | १७०९९३.९२ | १६ | धरौटी खर्च | | २०७४२८.०० |
| १७ | एनसेल टावर वापत कर | | ४९८७.६२ | १७ | अन्य विविध खर्च | | ४९३११९.०० |
| १८ | बेरुजू दाखिला | | ४६६४००.०० | १८ | सेवा खर्च | | २१२९.०० |
| १९ | अल्या कर्मचारी कल्याण कोष साविक वडाको खाताबाट | | २०१०८०.०० | १९ | एकल कोष खाता फिर्ता | | १५९११००४.०० |
| २० | संस्कृति प्रर्वर्धन कार्यक्रम | | २५०००००.०० | २० | प्रदेश लेखा नियन्त्रक कार्यलय विराटनगर फिर्ता | | १३१५००००.०० |
| २१ | धरौटी | | ४०५०१९.०० | २१ | बैंक बाकी | | ५९२८९११०.६१ |
| ङ्क | गत अ.ल्या. | ८४४७८.०० | | क | चालू खाता | २५८२७०७.०० | |
| ख | चालू आ.व. | ३२०५४१.०० | | ख | पुंजीगत खाता | १२७०२५१८.०० | |
| | | | | ग | मूल खाता | ४३८०६२९४.६१ | |
| | | | | घ | धरौटी खाता | १९७५९१.०० | |
| | जम्मा | | ३५०९९२६२०.६१ | | जम्मा | | ३५०९९२६२०.६१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | वेरुजु रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धमा निम्न व्यहोराहरु तोकिए बमोजिम गर्न सकेको देखिएन ।<br>• वजेटरी आकार साना भएका योजनाको संख्या अत्याधिक रुपमा सञ्चालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको,<br>• सार्वजनिक खरिद ऐन, २०६३ दफा ६ अनुसार खरिद योजना बनाउने नगरेको,<br>• सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४९ अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको कागजात सिलसिलेवार तरीकाबाट राख्नु पर्नेमा व्यवस्थित गरी नराखेको,<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन अनुसार कारवाही गर्ने नगरेको,<br>• जिन्सी मालसामान खरिद, जिन्सी दाखिला तथा खर्च एकमुष्ठ खर्च लेख्ने गरेको,<br>• एकिकृत जिन्सी खाता नराखि शाखागत जिन्सी खाता राख्ने गरेको,<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्बन्धी परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविक गाउँ विकास समितिहरुको सम्पत्ति, पेश्की तथा बेरुजू अभिलेख गाउँपालिकामा कायम गरी फछ्र्यौट गर्नु गराउनु पर्नेमा नगराएको,<br>• सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु विपरित उपभोक्ता समिति मार्फत मालसामान खरिद गर्ने गरेको,<br>• जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट हेभि मेशिन उपकरण प्रयोग गरी सञ्चलान गर्ने गरेकोमा हेभि मेशिन उपकरण प्रयोग गर्न प्राविधिकको सिफारिस र कार्यालयको सहमति नलिएको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार प्राविधिक तथा जटिल प्रकृतिका कार्य समेत उपभोक्ता समितिवाट गराएकोमा गुणस्तर परीक्षण नभएको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) अनुसार सबै योजनाको सामाजिक परीक्षण हुने नगरेको,<br>• अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा चेनेज नं.उल्लेख गर्ने नगरेको,<br>• सार्वजनिक परीक्षण फारम (अनुसुची ३), योजना फरफारक तथा हस्तान्तरण फाराम र सम्झौता फाराममा भर्नुपर्ने विवरणहरु पुर्णरुपमा भर्ने नगरेको,<br>• भुक्तानी भएका सवै विल भरपाईहरुको सिलसिलेवार नम्वर राखी भुक्तानी जनाउने छाप नलगाएको,<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको,<br>• सम्झौतामा प्राविधिक लागतको आधारमा सम्झौता नगरी बजेटको आधारमा सम्झौता गर्ने गरेको,<br>• गाउँपालिकाबाट नागरिकता, घरबाटो सिफारिस जस्ता कार्यको अभिलेख राख्ने नगरेको,<br>• गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसाय, सवारी जस्ता करहरु उठाउने गरेको नदेखिएको,<br>• विषयगत तर्फ कार्यक्रम सञ्चालन कार्यविधि स्वीकृत गरेको नदेखिएको,<br>• विषयगत तर्फका कार्यक्रम अन्तर्गत वितरण भएका सामानको (तरकारी मिनिकिट लगायत) परिमाण खुलाएको नपाइएको,<br>• उपभोक्ता समितिवाट गरेको कार्यमा प्यान तथा भ्याट विल प्रयोग नगरी इष्टिमेट र ठाडो भरपाईका आधारमा भुक्तानी गरेको,<br>• योजनाको लागत अनुमान तयार गर्दा सम्पन्न गर्न लाग्ने समय उल्लेख नगरेको, | |

- योजनाको लागत अनुमान तयार गर्दा डि.पि.आर. अनुसार विस्तृत लागत अनुमान तयार गरी चेनेज तथा स्थान नखुलाएको,
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून, २०७४ दफा १७ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन,
- नापी किताव, मूल्यांकन विल तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति उल्लेख नभएको,
- न्यायीक समितिले सम्पादन गरेको कार्यको अभिलेखिकरण नगरेको,
- निजामति सेवा ऐन, २०४९ को दफा ५ अनुसार प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको,
- प्राप्त आम्दानीहरु समयमा दाखिला गर्ने नगरेकोमा जिम्मेवार पदाधिकारीबाट अनुगमन समेत नभएको,

नियमितता, मितव्ययिता, पारदर्शिता र प्रभावकारी सेवा प्रवाह गर्न माथि उल्लेख भए अनुसार ऐन, नियममा भएको व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुधार गर्नुपर्दछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाको सञ्चित कोषमा स्वत: जम्मा (ट्रान्सफर) हुने व्यवस्था छ । गाउँपालिकाले आर्थिक बर्षको अन्त्यमा चालू तर्फ रु.२५८२७०७। तथा पूँजिगत खाताको बचत रकम रु. १२७०२५१८। सुन्य हुने गरी सञ्चित कोषमा जम्मा गरेको पाइएन । ऐनको व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

३. **आर्थिक कारोवारको विद्युतिय लेखाङ्कन तथा प्रतिवेदन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रतिवेदन गर्नु पर्दछ । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयर प्रयोग तथा खर्च र आय सम्वन्धमा म. ले. प. फारामहरुको पुर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन र नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार प्रतिवेदन तयार गरेको देखिएन ।

४. **आन्तरीक लेखापरीक्षण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ अनुसार कानून वमोजिम आय र व्ययको चौमासिक रुपमा आन्तरीक लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । कार्यालयमा आन्तरीक लेखापरीक्षक दरवन्दी अनुसार पदपुर्ति भएको छैन । कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भएका सशर्ततर्फका केही शिर्षक वाहेक अन्य शिर्षक तथा समानिकरण तर्फका शिर्षकहरुको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट समेत आन्तरिक लेखापरीक्षण भएको छैन । आर्थिक अनुशासन कायम गर्न तथा आन्तरीक नियन्त्रण व्यवस्था प्रभावकारी वनाउन आन्तरीक लेखापरीक्षण तोकिएको समयमा गराउनु पर्दछ ।

५. कार्यालयको वैंक हिसाव मिलान विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा निम्नानुसार चेक साटिन वाँकी रहेको देखिन्छ । कार्यालयले आर्थिक वर्षको अन्त्य तिर खर्च रकम भुक्तानी गरेकोले भुक्तानी चाप भएको देखिन्छ ।

| क्र.सं. | शीर्षक | चेक संख्या | वैंक अनुसार चेक साटिन वाँकी |
|---|---|---|---|
| १ | चालु खर्च खाता | विभिन्न | ४९४०९६५ |
| २ | पुँजिगत खर्च खाता | २७ | १३६२४२५४ |
| | | **जम्मा** | **१८५६५२१९** |

६. **वजेट अनुसार खर्च गरी निकासा प्राप्त नभएको** : आर्थिक वर्ष भर निम्नानुसार वजेट शीर्षकको रकम निकासा प्राप्त नगरी गाउँपालिका श्रोत तर्फवाट खर्च गरेको ।छ । आर्थिक वर्षभर निकासा प्राप्त गरेर खर्च नगरी शसर्त अनुदान रु. ११३४६०३९।- मध्ये रु. १६७३३७८।- कोष फिर्ता नगरी हिसाव मिलान गरेको छ । समयमा निकासा प्राप्त गरी खर्च तथा वजेटको सिद्धान्त अनुसार वजेट फिर्ता गर्नु पर्ने रु. १६७३३७८

| क्र.सं. | वजेट शीर्षक | व्यहोरा | खर्च |
|---|---|---|---|
| १ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | वैदेशीक श्रोत | ३०५०००.०० |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | नेपाल सरकार श्रोत | २७०००००.०० |
| | **जम्मा** | | **३००५०००.००** |

७. **स्थानीय तहका पदाधिकारी सुविधा:** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार कार्यालयले देहाय बमोजिम ४८ पदाधिकारीहरुलाई रु.४५,९१,२०० सुविधा वापत भुक्तानी गरेको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखिएका छन् ।

| सि. नं. | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ८ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ० | ० | ० | ० | ० | ० |
| २ | सञ्चार सुविधा (मासिक) | २५०० | २५०० | २००० | १००० | १००० | ९००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ७५०० | ६६०० | ६००० | ६००० | २००० | २८१०० |
| ४ | खाजा भत्ता (मासिक) | ४००० | ३००० | १००० | ० | ० | ८००० |
| ५ | पुस्तक पत्रपत्रिका(मासिक) | ३००० | २५०० | १५०० | १५०० | ५०० | ९००० |
| ६ | अनुगमन भत्ता (मासिक) | ६००० | ४५०० | १५०० | ० | १००० | १३००० |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | १५०० | १००० | १००० | ० | ० | ३५०० |
| ८ | सरसफाई, मर्मत(मासिक) | २००० | २००० | ० | ० | ० | ४००० |
| ९ | अतिथि सत्कार (मासिक) | २००० | २००० | १००० | ० | ० | ५००० |
| १० | यातायात खर्च (मासिक) | ७००० | ५००० | २००० | २००० | १००० | १७००० |
| | **जम्मा** | **३५५००** | **२९१००** | **१६०००** | **१०५००** | **५५००** | **९६६००** |

गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३(४) अनुसार चाडपर्व खर्चको हकमा वर्षमा एकपटक स्थानीय तहको आन्तरिक आयको आधारमा कार्यपालिकाले निर्णय गरे बमोजिम गाँउ सभाका सदस्यहरुले रु. १०,०००।- पर्व खर्च पाउने व्यवस्था छ । कार्यपालिकाले यस वर्ष पर्व खर्च (प्रति पदाधिकारी रु. १००००। -) र पोशाक खर्च (प्रति पदाधिकारी रु. १००००।-) पाउने गरी निर्णय गरे अनुसार ४० जना पदाधिकारीलाई जम्मा रु.८०००००।- खर्च लेखेको पाइयो । यसरी कानूनमा उल्लेख भएको सुविधा भन्दा अतिरिक्त सुविधा खर्च रु.८०००००।- मध्ये पोशाक खर्च एकिन गरी असुल हुनु पर्ने रु. ४०००००

७.१. गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ दफा ३(२) अनुसार गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यले कार्यपालिका वैठक, समिति/उपसमिति वा वडा समितिको वैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा उपस्थिती अनुसार प्रतिवैठकका दरले ३ वैठकसम्म भत्ता पाउने व्यवस्था छ । कार्यालयले निम्नानुसार कार्यपालिका सदस्यलाई उल्लेखित भन्दा कम वैठकमा सहभागी भएकोमा समेत निम्नानुसार वढी भुक्तानी गरेको देखियो । कार्यपालिका सदस्यलाई वैठकमा सहभागिता वेगर भत्ता भुक्तानी भएको एकिन गरी असुल गर्नु पर्ने रु. २११७००

| क्र.सं. | पद | नाम थर | भत्ता दर | वर्षभर मासिक दरले भुक्तानी वैठक संख्या | वैठकमा उपस्थित भरपाई संख्या | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | गा.पा. अध्यक्ष | विजय राई | २५०० | ३६ | २५ | २७५०० |
| २ | गा.पा. उपाध्यक्ष | संझना राई | २२०० | ३६ | २५ | २४२०० |
| ३ | का.पा.स. | शहदेव राई | २००० | ३६ | ३० | १२००० |
| ४ | का.पा.स. | राजकुमार तामाङ्ग | २००० | ३६ | ३५ | २००० |
| ५ | का.पा.स. | डिकमान राई | २००० | ३६ | ३४ | ४००० |
| ६ | का.पा.स. | फौदसिं कार्की | २००० | ३६ | ३५ | २००० |
| ७ | का.पा.स. | विरेन्द्र राई | २००० | ३६ | ३० | १२००० |
| ८ | का.पा.स. | पर्शुराम राई | २००० | ३६ | ३५ | २००० |
| ९ | का.पा.स. | सूर्यवहादुर राई | २००० | ३६ | ३५ | २००० |
| १० | का.पा.स. | मनोज राई | २००० | ३६ | ३४ | ४००० |
| ११ | का.पा.स. | प्रमिला राई | २००० | ३६ | ३५ | २००० |
| १२ | का.पा.स. | वालकुमारी तामांग | २००० | ३६ | २६ | २०००० |
| १३ | का.पा.स. | रसमाया राई | २००० | ३६ | ३१ | १०००० |
| १४ | का.पा.स. | वर्षा राई | २००० | ३६ | १९ | ३४००० |
| १५ | का.पा.स. | कुलबहादुर दर्जी | २००० | ३६ | ९ | ५४००० |
| | | **जम्मा** | | | | **२११७००** |

८. **प्रशासनिक तथा सेवा सुविधा लगायत खर्चः :** गाउँपालिकाले प्रशासनिक खर्चलाई आन्तरिक आयको निश्चित सिमा भित्र राख्नु पर्दछ । गाउँपालिकको आन्तरिक आय रु. १८ लाख ७० हजार रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरणवाट पदाधिकारीहरुको सेवा सुबिधा लगायत निम्नानुसार खर्च तर्फ देहाय अनुसार १ करोड ३४ लाख ५९ हजार खर्च भएको देखिन्छ ।

| प्रशासनिक | खर्च | सुविधा तथा भत्ता | खर्च |
|---|---|---|---|
| बैठक भत्ता | ४०००००० | पदाधिकारी सुविधा | ४५९१२०० |
| मसलन्द सामाग्री | ४२६६१३६ | जनप्रतिनिधि चाडपर्व तथा पोसाक | ८००००० |
| विविध खर्च | २२८२३२४ | कर्मचारी प्रोत्साहन (३०% वडा तर्फ र ४०% गा.पा. तर्फ) | ७४११११ |
| सवारी साधन मर्मत खर्च | १८१९९८६ | अनुगमन मुल्याङ्कन | ३१५०००० |
| **जम्मा** | **८७६८४४६** | **जम्मा** | **४६९११११** |

पदाधिकारी तथा कर्मचारी सेवा सुविधा तथा उल्लेखित सञ्चालन खर्चमा मात्र आन्तरिक आयको करिव ८ गुणा बढी खर्च हुदाँ वित्तिय समानीकरण अनुदान उत्पादन मुलक कार्यमा परिचालन गर्न तथा गाँउपालिका दिगो संचालनमा असर पुग्ने भएकोले खर्चलाई निश्चित सीमाभित्र राखी आयका दिगो श्रोतहरुको पहिचान गर्नु पर्दछ ।

९. कार्यालयले कार्यपालिकाको मिति २०७६।३।९ को निर्णयको आधारमा गाउँपालिकाको योजनाहरुको अनुगमन गरेवापत उपाध्यक्षलाई प्रतिदिन रु. २०००।०० र अन्य पदाधिकारी तथा कर्मचारीलाई रु.१५००।०० का दरले भुक्तानी दिने गरेको पाईयो । पदाधिकारीलाई मासिक भत्ता दिए पश्चात र कर्मचारीलाई नियमावलीले तोकेको दुरी भित्र नियम अनुसार दैनिक भ्रमण भत्ता मात्र दिनु पर्नेमा अनुगमन गरेको प्रतिदिनको आधारमा खर्च लेख्नु उपयुक्त नदेखिएकोले खर्च नियन्त्रण गर्नु पर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची – १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ र सानातिना अन्य खर्चको लागि कन्टिन्जेन्सीको ५०/५० प्रतिशत विभाजन गर्ने व्यवस्था देखिन्छ । यो वर्ष निम्नानुसार कन्टिन्जेन्सी कट्टा गरी खर्च गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवम प्रतिवेदन गर्ने कार्यविधि तोकिएको देखिदैन । नियन्त्रित रुपमा नगरी नहुने कार्यमा मात्र कन्टेन्जेन्सी खर्च गर्ने व्यवस्था हुनु पर्दछ ।

| क.सं. | विवरण | कन्टिन्जेन्सी खर्च |
|---|---|---|
| १. | दैनिक भ्रमण भत्ता, सञ्चार खर्च र ईन्धन खर्च | ४९१४९३ |
| २. | सामाग्री खरिद | ४१८३७९ |
| ३. | गाडी भाडा र विविध | ३२७०० |
| ४. | खरिद इकाई र अनुगमन समिति भत्ता | ४०८५०० |
| ५. | प्राविधिक कर्मचारी भत्ता (फिल्ड भत्ता) | १२२००० |
| ६. | अध्ययन पतिवेदन | १४३११२० |
| | **जम्मा** | **२९०४१९२** |

११. **योजना संचालन :-** आवश्यकता, प्राथमिकीकरण र पहिचानको आधारमा योजना छनौट गरिनुपर्ने र सोको कार्यान्वयन तथा व्यवस्था गर्नुपर्दछ । वार्षिक विकास योजना २०७५।७६ को अध्ययन गर्दा गाउँपालीकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून वजेट भएका र छरिएका देखिएको छ । गाउँपालिकाले निम्नानुसार शीर्षकमा ३४ मूल कार्यक्रम अन्तरगत १९७ सहायक कार्यक्रममा रु.७ करोड ८७ लाख ७१ हजार बजेट विनियोजन गरी रु.७ करोड ४ लाख ७१ हजार खर्च गरी अधिकांस योजना सम्पन्न गरेको पाइयो ।

रु. हजारमा

| सि.नं. | विवरण | बजेट | कार्यक्रम क्रियाकलाप संख्या | खर्च |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | १५२०० | ७ मूल -९७ सहायक | १२१०० |
| २ | सामाजिक विकास क्षेत्र | १७१२१ | ७ मूल -५१ सहायक | १५९२१ |
| ३ | भौतिक पूर्वाधार विकास | ३६९५० | ५ मूल -३४ सहायक | ३६९५० |
| ४ | वातावरण तथा विपद | ३५०० | ८ मूल -८ सहायक | २५०० |
| ५ | संस्थागत विकास सेवा प्रवाह | ६००० | ७ मूल -७ सहायक | ३००० |
| | **जम्मा** | **७८७७१** | **३४मूल-१९७ सहायक** | **७०४७१** |

सहायक कार्यक्रमको संख्या धेरै हुँदा सिमित श्रोत साधनका कारण अनुगमनमा कमी हुने र प्रत्येक कार्य समय दिएर कार्य गर्न सक्ने अवस्था नदेखिदा कार्यको गुणस्तरमा समेत प्रभाव पर्ने सम्भावना रहन्छ । गाँउपालिकाको क्षमता अभिवृद्धि गरी तुलनात्मक लाभ लागत समेतलाई ध्यान दिई स्थानीय जिवनस्तर उकास्ने तथा रोजगारी श्रृजना गर्ने योजनाहरु तर्जुमा एवं कायान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१२. **चौमासिक खर्चः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले

उपलब्ध गराएको विवरण अनुसार निम्नानुसार कार्यक्रममा प्रथम चौमासिकमा १५ प्रतिशत, दोश्रो चौमासिकमा २८ प्रतिशत र तेश्रो चौमासिकमा ५८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ मसान्तमा ३६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको हुँदा सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यालयले आयोजना तर्फ समयमै सम्झौता तथा कार्यान्वयन गरी चौमासिक खर्च व्यवस्थापन तथा कार्यवोझमा सन्तुलन ल्याउनु पर्दछ ।

| क.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | चालु | २९००६ | ५३१५ | ९२९५ | १४३९६ | ५९८० |
| २ | पुँजिगत | ८१२१४ | ० | १५७२२ | ६५४९२ | ४५६७२ |
| ३ | शसर्त अनुदान | १०३२६५ | २५८१६ | ३४४२२ | ४३०२७ | २५८१६ |
| | **जम्मा** | **२१३४८५** | **३११३१** | **५९४३९** | **१२२९१५** | **७७४६८** |
| | **खर्च प्रतिशत** | **१००** | **१४** | **२८** | **५८** | **३६** |

१३. **वजेट विभाजनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार वजेट तयार गर्दा सम्पुर्ण कार्यक्रमहरु खुलाई सभावाट असार मसान्त भित्र पारित गर्नु पर्दछ । गाउँपालिकाले कार्यक्रम खुलाई सभावाट वजेट निर्धारण नगरी निम्नानुसार एकमुष्ट रुपमा रु. ७२ लाख विनियोजन गरी कार्यपालिकाको विभिन्न निर्णयानुसार कार्यालयले खर्च लेखि मिति २०७६।०१।३१ को विशेष सभावाट अनुमोदन गराएको देखियो । यसरी सभावाट कार्यक्रम खुलाई पास नगरी ढिला गरी कार्यपालिकाको निर्णयानुसार कार्यक्रम तय गरी खर्च गर्दा लक्ष्य प्राप्त नहुने, तजविजको आधारमा कार्यक्रम छनौट हुने र खर्च पारदर्शी नहुन सक्ने देखिन्छ । तसर्थ तोकिए अनुसार कार्यक्रम खुलाई वजेट विभाजन गर्नु पर्दछ ।

| क.सं. | वजेट विनियोजित शीर्षक | विनियोजित वजेट |
|---|---|---|
| १. | स्तरोन्नती | २०००००० |
| २. | भैपरी खर्च | ५२००००० |
| | **जम्मा** | **७२०००००** |

१४. **संस्कृति प्रर्वद्धन कार्यक्रम तर्फः-** कार्यालयले संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको पत्र संख्या ४४३।०७६।२१९ वाट अन्य संस्था तथा व्यक्तिहरुलाई पुँजिगत अनुदान तर्फ रु.२५ लाख वजेट निकासा भई गो.भौ.नं. १।०७६।०९।२५ वाट जिल्ला प्रशासन कार्यालय भक्तपुरमा दर्ता भएको गुरासे कल्याणकारी विकास प्रतिष्ठान(दर्ता नं. २०१९३-०७४।७५)को वाणिज्य वैंक खाता नं. ११५०००२४१२०१ मा ट्रान्सफर गरेकोमा कार्यालयलाई कार्यक्रम संचालन गर्न प्राप्त बजेट उक्त विकास प्रतिष्ठानको खातामा ट्रान्सफर गरी खर्च लेख्न मिल्ने आधार प्रमाण पेश हुनु पर्ने रु. २५०००००

क) मन्त्रालयले बजेट तथा कार्यक्रम संचालन गर्न गाँउपालिकालाई निकासा दिंदा संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तरगत गुराँस कल्याणकारणी भनी पठाएको पाइँदा सो बमोजिम पठाउन मिल्ने आधार गाउँपालिकामा पेश भएन ।

ख) मन्त्रालयगत वजेटको उद्देश्य अनुसार खर्च गर्ने कार्यविधि तथा संस्था छनौट प्रक्रिया समेत पेश भएन,

ग) उल्लेखित खर्च पुष्टी गर्ने सक्कल कागजात समेत लेखापरीक्षणको लागि पेश हुन आएन,

घ) सामान खरिद गरेको फोटोकपी विल पेश भएकोमा २०७६।२।२४ मा विद्योदय माध्यामिक विद्यालय, भोजपुर नगरपालिकालाई २० थान डेल कम्प्यूटर सेट र मिति २०७६।२।२५ मा वेहेरेश्वर माध्यामिक विद्यालय, रामप्रसाद राई गाउँपालिका, मानेभञ्ज्याङ्गलाई डेल कम्प्यूटर, टेवल र कुर्सी २०/२० थान वितरण गरेको विद्यालयको जिन्सी दाखिला वेगर भरपाई पेश भएको छ । उल्लेखित प्रकृतिको कार्य सम्वन्धित स्थानीय तहले समेत गर्ने गरेको देखिँदा मन्त्रालयगत उद्देश्य अनुसार वजेट खर्च भएको पुष्टी हुने अनुगमन प्रतिवेदन समेत पेश हुन आएन ।

१५. **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः-** पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ अनुसार रोजगार श्रृजना गरि भुक्तानी गर्नु पर्दछ । उक्त कार्यक्रममा रु. १८,३५,४४०।०० खर्च भएकोमा देखिएको व्यहोराहरु निम्नानुसार छन्:-

१५.१. सामाजिक सुरक्षा ससर्तमा जेष्ठ अन्तिममा रु. २७ लाख निकासा भएकोमा आर्थिक वर्षको अन्तिम महिना असारमा कार्य गराई रु. १३,६८,३७८।०० खर्च भएकोमा सुपरभाईजरले हाजिरी प्रमाणीत गरी वडावाट सिफारिस गरेको आधारमा भुक्तानी भएकोमा हाजिरी केरमेट भएको, हाजिरी तथा भुक्तानी विल रोजगार संयोजक श्री मन्दिरा राईले प्रमाणीत गरी पेश भएको नदेखिनुका साथै निम्न कैफियत समेत देखिएको छ ।

(केही उदाहरण)

| क्र.सं. | गो.भौ.नं. | कार्यक्रम | कैफियत व्यहोरा | खर्च |
|---|---|---|---|---|
| १. | १७।०७६।३।२५ | वडा नं. १ अन्तर्गत भञ्ज्याङ्ग रोक्तवा सडक स्तरोन्नती | सामाग्री खरिद तथा दैनिक रु. ६५०।०० को दरले २५१ म्यान डेज कार्य गराएको तिन दिनको रोजगारी दिएको | १८१७११.०० |
| २. | १८।०७६।३।२५ | वडा नं. ३ अन्तर्गत वडा कार्यालयदेखि तिनखोप्रे जाने सडक स्तरोन्नती | लागत अनुमान अनुसार ६ जना दक्ष र २९० जना अर्धदक्ष कामदारलाई जिल्ला दररेट अनुसार तोकिएको परिमाण कार्य गराएकोमा एकमुष्ठ ५६ जनालाई ५ दिन कार्य लगाई रु. ८१६।०० को दरले लागत अनुमान भन्दा वढी दरमा भुक्तानी भएको र लागत अनुमान अनुसार ढुंगा समेत ढुवानी नभएको | २३०८४३.०० |
| ३. | २०।०७६।३।२९ | वडा नं. ८ मा खोक्सिक देखि शंखेश्वरी आ.वि. सम्म सडक स्तरोन्नती | ३५ जनालाई ५ दिन कार्यगराई दैनिक रु. ६५०।०० को दरले भुक्तानी भएको | ११३७५०.०० |
| ४. | २१।०७६।३।२९ | वडा नं. ७ अन्तर्गत दंछोन्खा महादेवटार सडक स्तरोन्नती | ढुंगा खरिद तथा ढुवानी वापत रु. ९३,५२०।०० र ज्याला रु. २,३८,२९५।०० (दक्ष २४.५ दिनको रु. ९५०।०० र ३३०.८० दिनको रु.६५०।०० को दर) समेत रु. ३३१८१५।०० को लागत अनुमान तयार गरेकोमा ६८ जनालाई ५ दिन कार्य गराई रु. ६५०।०० को दरले भुक्तानी भएकोमा ढुंगा खरिद तथा ज्याला देखिएन । | २२१०००.०० |
| | | जम्मा | | ७४७३०४.०० |

१५.२. **बढी भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्च पुष्टि गर्ने बिल भरपाई संलग्न गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१७।२०७६।३।२५ मा रु.१८१७। र भौ.नं.१८।२०७६।३।२५ मा रु.२३६३। बिल भरपाई भन्दा बढी खर्च लेखेको असुल हुनु पर्ने रु. ४१८०

१५.३. **जिन्सी :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खरिद गरिएको जिन्सी सामान ७ दिन भित्र जिन्सी दाखिला गरी जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्ने उल्लेख छ । कार्यालयले भौ.नं.११।२०७६।२।३० बाट विभिन्न सामाग्री खरिद गरि रु.३२०००। खर्च लेखेकोमा उक्त सामाग्रीहरु जिन्सी दाखिला नभएको रु. ३२०००

१६. **पूँजीगत कार्यक्रमवाट चालु प्रकृतिको खर्च :** कार्यालयले चालु र पूजिगत तर्फ खर्चको प्रकृति अनुसार योजना तय गर्नु पर्दछ । कार्यालयले यस वर्ष चालु प्रकृतिका कार्यक्रमहरुलाई समेत पूजीगत तर्फ कार्यक्रम राखी खर्च लेखेको पाइयो । चालु प्रकृतिका कार्यलाई पूजिगत कार्यक्रमबाट खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस वर्ष चालु प्रकृतिका कार्यक्रम पूजिगत तर्फ समावेश गरी खर्च लेखेको केही उदाहरण निम्न छन्

| गो.भौ.नं. मिति | खर्चको प्रकृति | रकम |
|---|---|---|
| १४५।०७६।३।१ | शिक्षा तलव अनुदान कक्षा ११ र १२ को लागि | २०००००.०० |
| १६२।०३।०५ | महिला स्वयम सेविका प्रोत्साहन (९x७ xरु.१५००।००x१२) | ११३४०००.०० |
| | जम्मा | १३३४०००.०० |

१७. **सामाजिक सुरक्षा कार्यक्रम :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-६ अनुसार व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गरी परिच्छेद ७ अनुसार वैंक मार्फत भत्ता वितरण गर्नु पर्दछ । कार्यालयले यस वर्ष सामाजिक सुरक्षा भत्ता रु. २,८७,११,२००.०० भुक्तानी गरेकोमा वैंक मार्फत वितरण गरेको देखिएन । कार्यविधिले तोके अनुसार सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ ।

१८. **म्याद समाप्त भएका औषधि विवरण:** कार्यालयवाट प्राप्त भएको विवरण अनुसार निम्नानुसार औषधिहरु लेखापरीक्षण अवधिमा म्याद समाप्त भएको देखियो । कार्यालयले म्याद धेरै भएका औषधि खरिद गर्नु पर्ने तथा खरिद औषधीहरु समयमै प्रयोग गर्नु पर्दछ ।

| क्र.सं. | औषधिको नाम | अन्तिम म्याद | स्वास्थ्य कार्यालयवाट प्राप्त औषधि संख्या |
|---|---|---|---|
| १ | ट्याव्लेट मेटफर्मिन ५००एमजि | ०७६ साउन | ५०० |
| २ | ट्याव्लेट Ambd 5mg | ०७६ जेष्ठ | २८०० |

१९. **कल्याणकारी कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । सभाको निर्णयानुसार यो वर्ष चालू खर्च शीर्षकबाट कल्याणकारी कोष खातामा रु. ८,८२,०८०।०० सारेको देखियो । ऐनको व्यवस्था बमोजिम कार्यरत जनशक्ति तथा सम्भावित दायित्व समेतलाई आधार वनाई रकम विनियोजन गर्ने व्यवस्था गर्नु पर्दछ ।

२०. **सर्भे तथा डिजाइन खर्च** : कार्यपालिकाको निर्णयअनुसार निम्नानुसार भौचरबाट कार्यालयमा कार्यरत जनशक्तिबाट सर्भे तथा डिजाइन गराई रु. ८४७५०० भुक्तानी गरेको पाइयो । विल भरपाई संलग्न नगरी कार्यको आधारमा मात्र भुक्तानी दिन मिल्ने आधार पेश नभएको रु. — ८४७५००

| गो.भौ.नं. मिति | सर्भे गरेका योजनाको विवरण | सर्भे परिमाण | जम्मा भुक्तानी |
|---|---|---|---|
| ६७ | सहेले वेहेरे दोभान सडक समेत ७ वटा | १४.६ | ३६५००० |
| २६२ | धोदलेखानी कटुञ्जे सडक समेत २ वटा | ९ | २२५००० |
| २६३ | सिरिसे भालेढुंगा समेत ४ वटा | १३.३ | २५७५०० |
| | **जम्मा** | | **८४७५००** |

२१. **मुल्य अभिबृद्धि कर :-** मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१)मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर विवरण पेश गर्नु पर्ने उल्लेख छ । ऐनको दफा १९(१) मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने उल्लेख छ । आन्तरिक राजस्व विभागको वेवसाइट अनुसार मासिक विवरण बुझाउनुपर्ने आपूर्तिकर्ता एउटै स्थायीलेखा नम्वर ६००७३८१७६ मा दर्ता भएका मदन जनरल अर्डर सप्लायर्स, भोजपुर र शिद्धकाली प्रिण्टिङ्ग प्रेस, भोजपुरले लामो समयदेखि कर विवरण बुझाउन बाँकी देखिएकोले गाउँपालिकाबाट लिएको भुक्तानीमा समावेश देहाय बमोजिमको मुल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. — ४४४१५१

| गो.भौ.नं./मिति | खरिद व्यहोरा | वजेट शीर्षक | बिजक नं./मिति | कुल भुक्तानी | मु.अ.कर |
|---|---|---|---|---|---|
| **मदन जनरल अर्डर सप्लायर्स, भोजपुर-६००७३८१७६** | | | | | |
| ५।०७६।२।२७ | ल्यापटप, प्रिन्टर लगायत | प्र.म. रोजगार | विभिन्न | २८५८९० | ३२८९० |
| २८।०७५।९।१५ | कार्यालय सामान स्टेशनरी | चालु | २२,१२/०७५/८/१० | ९९९२५९ | ११४९५९ |
| २९।०७५।९।२२ | कार्यालय सामान स्टेशनरी | चालु | २३/०७५/८/१४, २४/०७५/८/१८ | २०२४५५ | २३२९१ |
| १७०।०७५।९।२२ | कार्यालय सामान स्टेशनरी | चालु | विभिन्न | ५३८१६२ | ६१९१२ |
| ९७।०७५।१२।१५ | कार्यालय सामान | चालु | विभिन्न | २१७०५०.४० | २४९७० |
| २७७।०७६।३।३० | विभिन्न सामान | कन्टीन्जेन्सी | १५०/०७६/३/२७ | १७८५४० | २०५४० |
| २८३।०७६।३।२४ | ल्यापट तथा प्रिन्टर सामान | पँजिगत | १२०/०७६/३/१३ लगायत | ९४०१६० | १०८१६० |
| **शिद्धकाली प्रिण्टिङ्ग प्रेस, भोजपुर-६००७३८१७६** | | | | | |
| ९५।०७५।१२।१५ | कार्यालय सामान स्टेशनरी | चालु | १८०९६९.५० | ४९९१७७ | ५७४२७ |
| | **जम्मा** | | | | **४४४१५१** |

२२. **विना प्रतिस्पर्धा खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ने व्यवस्था छ । निम्नानुसार भौचरबाट पटक पटक सोझै खरिद गरेको पाइयो । एकमुष्ट रुपमा लागत अनुमान बनाई खरिद कार्य नहुँदा खरिद मितव्ययी हुन सकेको पाइएन । तसर्थ, खरिद कार्य गर्दा नियमको पालना गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

| गो.भौ.नं./मिति | फर्म | खरिद व्यहोरा | वजेट शीर्षक | कुल भुक्तानी |
|---|---|---|---|---|
| ५।०७६।२।२७ | **मदन जनरल अर्डर सप्लायर्स, भोजपुर-६००७३८१७६** | ल्यापटप, प्रिन्टर लगायत | प्र.म. रोजगार | २८५८९० |
| २८।०७५।९।१५ | | कार्यालय सामान स्टेशनरी | चालु | ९९९२५९ |
| २९।०७५।९।२२ | | कार्यालय सामान स्टेशनरी | चालु | २०२४५५ |
| १७०।०७५।९।२२ | | कार्यालय सामान स्टेशनरी | चालु | ५३८१६२ |
| ९७।०७५।१२।१५ | | कार्यालय सामान | चालु | २१७०५०.४० |
| २७७।०७६।३।३० | | विभिन्न सामान | कन्टीन्जेन्सी | १७८५४० |
| २८३।०७६।३।२४ | | ल्यापट तथा प्रिन्टर सामान | पँजिगत | ९४०१६० |
| ९५।०७५।१२।१५ | **शिद्धकाली प्रिण्टिङ्ग प्रेस, भोजपुर-६००७३८१७६** | कार्यालय सामान स्टेशनरी | चालु | ४९९१७७ |
| ९-०७५/९/८ | नेशनल सर्जिकल | **अटोक्लीप सेट, भिआईए सेट आदि** | चालु | १६६९४४ |

| | | | | |
|---|---|---|---|---|
| | सप्लायर्स | | | |
| १०-०७६/३/४ | नेशनल साइन्स हाउस प्रा.लि. | Binocular, Electrical sun family model, Electronic balance digital, Hydrometer लगायत १८० प्रकारका सामाग्री (मा.वि. विज्ञान प्रयोगशाला अनुदान) | शिक्षा सशर्त | ४७०००० |
| १३-०७६/३/१७ | Creative edutainment world pvt.ltd(605962435) | उत्कृष्ठ सिकाई उपलब्धी विद्यालय कार्यक्र (Talking teacher set, ECD student books) | शिक्षा सशर्त | ४५०००० |
| १७-०७६/३/२४ | ६००७३८१७६ | शिक्षण सिकाई सूचना प्रविधिको प्रयोग (Medas software, e-library software, computer, projector) | शिक्षा सशर्त | ४९९९९८ |
| १८-०७६/३/२४ | ६००७३८१७६ | मा.वि.पुस्तकालय स्थापना (ल्याप्टप, प्रोजेक्टर, आइरिस, प्रिन्टर, काठको दराज, न्याक, टेबुल, कुर्सी, पुस्तकहरु) | शिक्षा सशर्त | ६५०००० |
| | | | | ६०९७६३५.४ |

**पूँजिगत तर्फ**

२३. **स्पेशिफिकेशन नखुलेका तथा हस्तान्तरण नभएका सामान:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ अनुसार मालसामानको स्पेशिफिकेशन खुलाई तोकिए अनुसार खरिद गर्नु पर्दछ । कार्यालयले निम्नानुसार खरिद गरेकोमा खरिद भएको सामान खरिद विलमा स्पेशिफिकेशन खुलेको तथा हस्ताण्तरण गरेको नपाइँदा स्पेशिफिकेशन खुलाई हस्तान्तरण समेत हुनु पर्दछ ।

| क्र.सं. | गो.भौ.नं. | खरिद सामान | खर्च रकम |
|---|---|---|---|
| १ | १३०।०७६।२।२७ | ल्यापट १ तथा प्रिन्टर २ वटा खरिद (श्री चण्डीका प्रा.वि. पिनीडाँडा ४) | ९९४४० |
| २ | १३२।०७६।२।२९ | ल्यापट तथा प्रिन्टर खरिद (श्री दलगाउँ प्रा.वि. पिनीडाँडा ४) | ९९४४० |
| ३ | १०-०७६/३/४ | Binocular, Electrical sun family model, Electronic balance digital, Hydrometer लगायत १८० प्रकारका सामाग्री (मा.वि. विज्ञान प्रयोगशाला अनुदान) | ४७०००० |
| | ७-०७५/१२/१६ | किट अनुदान (पञ्चकन्या प्रा.वि.) | ५०००० |
| | १३-०७६/३/१७ | उत्कृष्ठ सिकाई उपलब्धी विद्यालय कार्यक्र (Talking teacher set, ECD student books) | ४५०००० |
| | १७-०७६/३/२४ | शिक्षण सिकाई सूचना प्रविधिको प्रयोग (Medas software, e-library software, computer, projector) | ४९९९९८ |
| | १८-०७६/३/२४ | मा.वि.पुस्तकालय स्थापना (ल्याप्टप, प्रोजेक्टर, आइरिस, प्रिन्टर, काठको दराज, न्याक, टेबुल, कुर्सी, पुस्तकहरु) | ६५०००० |
| | | **जम्मा** | **२३१८८७८** |

२४. **प्रमाण कागजात बेगर खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ । निम्नानुसार शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तरगत रु.७३२०००/- निकासा खर्च लेखेको पाइयो । लेखापरीक्षण अवधि सम्म अनुदान रकमको खर्च पुष्टि गर्ने प्रमाण कागजात, अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन समेत पेश नभएको रु. — ७३२०००

| गो.भौ.नं. | विद्यालय | बजेट |
|---|---|---|
| २५-०७६/३/३० | सावित्रा मा.वि., बैकुण्ठे | ३६६००० |
| २५-०७६/३/३० | कालिका मा.वि., ओखे | ३६६००० |
| | **जम्मा** | **७३२०००** |

२५. **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने र नियम ९७ को उपनियम (९) बमोजिम लागत अनुमान तयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिशमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा वाहेक उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्था रहेको छ । उपभोक्ता समितिसँग सम्झौता गरी गराएको कार्यको सम्वन्धमा देहायका कैफियत देखिएका छन ।

| | | |
|---|---|---|
| २५.१. | उपभोक्ता समितिसँग सम्झौता गरी सम्पन्न भएको कार्यमा प्रयाप्त प्राविधिक पुष्ट्याँइ समावेश नगरी निम्नानुसार हेभि मेशिन प्रयोग गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ दफा १४ अनुसार हेभि मेशिनको रितपुर्वकको विजक सम्लग्न नगराई मेशिन कर आम्दानी १० प्रतिशत कट्टा गरी राजश्व दाखिला भई भुक्तानी भएको देखियो । केही उदाहरण देहाय बमोजिम छन :- | |

| क्र.सं. | गो.भौ.नं. | योजना | खर्च रकम जनश्रमदान वाहेक | हेभी उपकरण भुक्तानी भरपाई |
|---|---|---|---|---|
| १ | १३४।०७६।२।२९ | सडक स्तरोन्नती उ.स. अध्यक्ष धनकुमार राई मार्फत सञ्चालन | ९६०००० | लागत अनुमान अनुसार मेसिन परिचालन |
| २ | ५४।०७५।११।१४ | ओखेखोला वान्तांग सडक | १६१५६५० | रामु थापा रु. १९,३९,०००।०० |
| ३ | १७३।०७६।०३।०९ | सडक स्तरोन्नती | ६७२००० | वाच कुमार राई रु. ८०८०००।०० |
| ४ | २४८।०७६।३।२९ | धोदलेखानी कटुन्जे सडक स्तरोन्नती | २२१८००० | रु. २०२७२५० |

| | | |
|---|---|---|
| २६. | **मल ढुवानी :** कार्यालयबाट युरिया, डि.ए.पी. र पोटास कृषि सामाग्री धनकुटावाट ढुवानी गरी ८ वटा वडामा वितरण गर्न सिलवन्दी आव्हान गरी प्रति मे.टन ८०००।- का दरले १८४ टन ढुवानी तथा वितरण कार्य गर्न मू.अ.कर वाहेक श्री जि.आर.डि. ट्रेडर्स एण्ड सप्लायससँग रु.१४७२०००।- मा गर्ने गरी ०७५।१२।१८ मा सम्झौता गरी कार्य गराई ८ वटै वडामा १७९ मे.टन ढुवानी र वितरण गरेको ८ वटा वडाको सिफारिसलाई आधारमानी मू.अ.कर समेत रु. १६१८१६०।- भुक्तानी गरेकोमा निम्नानुसार पाइयो । | |
| २६.१. | सिलवन्दी दर भाउपत्र सूचनामा धनकुटा कृषि सामाग्री के.लि., धनकुटाबाट ल्याउने सूचना भएकोमा कृषि सामाग्री के.लि मा मल नभएकोले साल्ट ट्रेडिङ कर्पोरेशन लि., क्षेत्रिय कार्यालय विराटनगरलाई मल उपलब्ध गराउन ०७६।१।२३ मा सिफारिस गरेको पाइदा धनकुटाको सट्टा विराटनगरबाट ल्याउँदा थप व्ययभार कृषकलाई पऱ्यो कि परेन एकिन गर्ने आधार प्रमाण कार्यालयमा संलग्न छैन । | |
| २६.२. | ठेकेदार जि.आर.डि. ट्रेडर्स एण्ड सप्लायसले मल खरिद भएको दर तथा परिमाण खुल्ने विल तथा उपभोक्तालाई विक्रि गरेको विल विजक पेश नगरेकोले कति मूल्यमा खरिद गरी कति मूल्यमा (ढुवानी अनुदान दिएकोले) किसानलाई उपलब्ध गराएको एकिन विवरण पेश हुन सकेन । उल्लेखित विवरण पुष्ट्याई पेश गर्नु हुनु पर्दछ । | |
| २६.३. | ८ वटै वडाले उक्त मल ढुवानी भएको सिफारिस पेश गरिएको आधारमा भुक्तानी भएतापनि किसानलाई वितरण गरेको भरपाई संलग्न गरी कार्यालयबाट वितरण परिमाण समेतका सम्बन्धमा अनुगमन भएको देखिएन । | |
| २७. | कार्यालयबाट २२० सि.सि.को मोटरसाइकल १ थान र १५० सि.सि.को मोटरसाइकल २ थान खरिद कार्यको लागि स्पेशिफिकेशन तयार गरी नयाँपत्रिकामा १० दिने सूचना आव्हान गर्दा १५० सि.सि.को लागि २ वटा कम्पनीले र २५० सि.सि. को लागि २ वटा कम्पनीले खुला कोटेशन पेश गरेकोमा घटिवाला बजाज मोटरसाइकल अर्विन्द एण्ड ब्रोदर्श अटो, सुनसरी धरान ८ को कबोल अंक मू.अ.कर समेत क्रमश: २५२९००। र ३१२९००। को दरले जम्मा रु.८१८७००। को बोल अंक स्वीकृत गरी खरिद गरी मू.अ.कर समेत जम्मा रु.८१८७००। भुक्तानी भएकोमा निम्नानुसार पाइयो । | |
| २७.१. | मोटरसाइकल खरिदको लागि आवश्यक स्पेशिफिकेशन जलश्रोत तथा सिंचाई विभागका इन्जिनियर श्री गंगाराम डंगोलले तयार गरेतापनि लागत अनुमान तयार गरेको पाइएन । | |
| २७.२. | सूचना आव्हान पश्चात सूची दर्ता गरी स्पेशिफिकेसन पुरा गरेका विक्रेतासंग मूल्यमा छुट वा सुविधा माग गरेको सिलवन्दी आर्थिक प्रस्ताव लिएको पाइएन । | |
| २७.३. | पेश गरेको फर्महरु कम्पनीमा आधिकारिक विक्रेता भएको प्रमाण पत्र संलग्न गरेको छैन । साथै खुला कोटेशनसाथ सार्वजनिक विक्री मूल्य खुल्ने क्याटलग समेत पेश गरेको पाइएन । | |
| २७.४. | मोटरसाइकल खरिद पश्चात कार्यालयमा दाखिला गरेतापनि कार्यालयको नाममा नामसारी समेत भएको नदेखिएकोले तुरुन्त नामसारी गरी जिन्सी अद्यावधिक गर्नु पर्ने रु. | ८१८७०० |
| २८. | यस आर्थिक वर्ष २०७५।७६ मा विद्युत लाईन वितरण वडा नं. १ ओखे, वडा नं. ५ मानेभञ्ज्याङ, वडा नं.६ वैकुण्ठे को लागि रु.५००००००। का दरले रु.१५००००००। बजेट विनियोजन भएकोमा रु.५२८०९८०।, ( रु.४७६१९४४।-) तथा रिभाइज्ड रु.५२८८८५९। र रु.५२९०३७४। को लागत अनुमान प्रमुख प्रशासकिय | |

<table>
<tr><td></td><td>अधिकृतबाट स्वीकृत गराई कार्यालयले कन्टेन्जेन्सी रु.२०००००। का दरले कटाई रु.४८०००००। का दरले व्यहोर्ने र बाँकी रकम उपभोक्ताले गर्ने सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराई रु.४८०००००। का दरले जम्मा रु.१४४०००००। भुक्तानी खर्च लेखेकोमा निम्नानुसार पाइयो ।</td><td></td></tr>
<tr><td>२८.१.</td><td>मिति २०७६।३।१०, २०७६।३।१५ र २०७६।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०७५।१२।१, २०७५।१२।१२ र २०७५।१२।१२। मा सम्झौता गरी कार्य गराएकोमा क्रमशः २०७६।२।११, २०७६।३।२३ र २०७६।२।३१ मा सम्पन्न भएको व्यहोरा उल्लेख छ ।</td><td></td></tr>
<tr><td>२८.२.</td><td>३ वटा विद्युत लाई विस्तारको लागि ७५८ थान ८ मिटरको पोल, ९३१ सेट नटबोल्ट र ६ वटा ट्रान्सफरमर सिंहवाहिनी इन्जिनिरिङ वक्स एण्ड इनर्जी प्रा.लि. इटहरीबाट खरिद गरेकोमा लागत अनुमान तयार गरी उल्लेख भएको स्पेशिफिकेशन Steel tubular pole 8 mtr long (Folding/non Folding) as per IS 2713, 410 SP-13 with not bolt & washer 105 kg बमोजिम प्राप्त भनी प्राविधिक जाँचपास गरी मात्र गाड्ने वा प्रयोग गर्नु पर्नेमा गाडेर र मूल्यांकन गरेर मात्र भुक्तानी गरेको भनाई कार्यालयको रहेकोमा जाँचपास प्रतिवेदनको अभिलेख राखेको पाइएन । साथै ट्रान्सफरमर तर्फ स्थानीय प्राविधिकले जडान भए पश्चात मूल्यांकन गरी भुक्तानी भएतापनि सम्बन्धित निकायको विशेषज्ञले प्रयोग गर्न उपयुक्त छ भन्ने व्यहोराको प्रमाणित जाँचपास प्रतिवेदन वेगर भुक्तानी गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>२८.३.</td><td>गाडीएका पोल र जडान भएका ट्रान्सफरमर विद्युत प्राधिकरणको सम्पत्तिमा मूल्यांकन वा पूँजीकृत गरी स्थानीय तह वा नेपाल सरकारको शेयर कायम गर्ने व्यवस्था भएको नपाइदा यस सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा विद्युत प्राधिकरण विच समन्वय गरी आवश्यक निर्णय हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२८.४.</td><td>यस वर्ष विद्युत पोल, नट बोल्ट र ट्रान्सफरमर विभिन्न मितिमा खरिद गरी उपभोक्ता समिति मार्फत एउटै फर्मलाई रु.१३११७२३५। भुक्तानी गरेकोमा यस्ता सामान गाँउपालिकाले एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्र मार्फत खरिद तथा ढुवानी गरी प्रतिस्पर्धा गराउन सकेमा कम लागतमा खरिद हुन सक्ने तर्फ समयमै ध्यान पुऱ्याएको पाइएन । साथै सम्वन्धित उपभोक्ता समितिले समेत आफ्नो योजनाको लागत अनुमान बमोजिम प्रतिस्पर्धा गराई खरिद नगरी सिधै खरिद गरेकोले यस्तो खरिद प्रक्रियामा नियन्त्रण गर्नु पर्ने देखिएको रु.</td><td>१३११७२३५</td></tr>
<tr><td>२८.५.</td><td>सिंहवाहिनी इन्जिनियरिङ वर्क्स एण्ड इनर्जी प्रा.ली इटहरीसंग निम्न मिति र विजकबाट पोल ट्रान्सफरमर खरिद हुँदा विजक नं. र मिति क्रमशः रुपमा मेल खान नआएकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धमा एकिन गरी समायोजन प्रमाण समेत पेश गर्नु पर्ने रु.
<table>
<tr><th>भौ.नं.। मिति</th><th>जम्मा भुक्तानी</th><th>पोल र नटबोल्ट वापत भुक्तानी रकम</th><th>विजक नं. र मिति</th></tr>
<tr><td>१४२-०७६/३/१</td><td>२३८९०००</td><td>१८९९५०८</td><td>२०४-०७६/२/२१<br>२३८-०७६/२/१४<br>२२७-०७६/२/१०</td></tr>
<tr><td>१५०-०७६/३/२</td><td>३१३९०००</td><td>२८९९९३२</td><td>२०५-०७६/२/२१,<br>२१२-०७६/१/३<br>१९५-०७६/१/२७</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४७९९४४०</td><td></td></tr>
</table></td><td>५५२१४८</td></tr>
<tr><td>२८.६.</td><td>उपरोक्तानुसार योजना संचालन गरी पोल गाड्ने कार्यसम्पन्न भई ट्रान्सफरमर सम्बन्धीत स्थानमा पुऱ्याएको जानकारी प्राप्त भएतापनि ट्रान्सफरमर जडान गरी विद्युतीय तार विद्युत प्राधिकरण मार्फत जडान गराई विद्युतीकरणको कार्य सम्पन्न नभएकोले सोतर्फ समयमै गर्ने गराउने कार्यमा कार्यालयले समेत ध्यान दिनु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२८.७.</td><td>उपभोक्ता समितिले पोल ट्रान्सफरमर ढुवानी कार्य गर्दा व्यक्तिसंग गराई लाइसेन्स, ब्लुबुकको फोटोकपी राखि भरपाईको आधारमा भुक्तानी गरेको छ । ढुवानी कार्यलाई ढुवानी व्यवसायीसंग गराई विल विजक समेत लिई भुक्तानी गर्ने गराउने तर्फ समेत कार्यालयले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>आन्तरिक आय : पिखुवा खोला सिन्तले दोभान क्षेत्रमा बालुवा, ढुंगा गिट्टी  गरी जम्मा २२३४ घन मिटर संकलनको लागि मू.अ.कर बाहेक रु.१०४२००। न्यूनतम अंक कायम गरी सिलबन्दी बोपत्र आव्हान गरी मू.अ.कर वाहेक रु.३०१०००। को बोल अंक स्वीकृत गरी २०७६ आषाढ मसान्त सम्मको लागि २०७६।९।१० मार्सेली निर्माण सेवासंग सम्झौता गरी २०७६।९।१० मा रु.१५०५००। र ०७६।४।९ मा १५०५००। प्राप्त भई प्रदेश सरकारलाई ४० प्रतिशत र स्थानीय तहमा ६० प्रतिशतले हुने रकम बाँडफाँड समेत भएकोमा निम्नानुसार पाइयो ।</td><td></td></tr>
<tr><td>२९.१.</td><td>उक्त सम्झौता रकमको हुने मू.अ.कर  रु.३९१३०। असुल गरी सम्बन्धित खातामा दाखिला गर्नु पर्नेमा असुल नभएको रु.</td><td>३९१३०</td></tr>
</table>

<table>
<tr><td>२९.२.</td><td>ढुंगा ४४६.८०, गिट्टी ६७०.२० र बालुवा १११७ घ.मि. गरी जम्मा रु.२२३४ घ.मि. सम्म ढुंगा गिट्टी बालुवा झिक्न सक्नेमा कार्यालयबाट निकासी रसिद प्रमाणित गरी संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेमा ठेकेदारले रसिद छपाई पेश नगरेतापनि कार्यालयले समेत नियन्त्रण व्यवस्था नगरेकोले कति ढुंगा गिट्टी, बालुवा संकलन गरी निकासी तथा विक्री गरेको सम्बन्धमा एकिन हुन सकिएन ।</td><td></td></tr>
<tr><td>२९.३.</td><td>यस वर्षको लागि हालसम्म ठेक्का नभएकोले त्यसै ठेक्कालाई आधार लिएर निकासी तथा संकलन भएको छ छैन भन्ने सम्बन्धमा कार्यालयबाट अनुगमन गरेको समेत नपाइँदा कार्यालयले त्यस तर्फ समेत ध्यान दिनु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३०.</td><td>प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम : यस कार्यक्रम अन्तरगत बैकुन्ठे भुइदल घले गाँउ विद्युत विस्तार योजना संचालन गर्न रु.७४४९४८। को लागत अनुमान तयार गरी मिति २०७६।३।१५ सम्म सक्ने गरी विद्युत विस्तार उपभोक्ता समितिसंग मिति २०७५।१२।१५ मा सम्झौता भई जम्मा रु.७४४९४८।- को कार्य भई भौ.नं.४।०७६।३।५ बाट रु.६७२०००। सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यस मध्ये सिंहवाहिनी इन्जिनियरिङ वर्क्स एण्ड इनर्जी प्रा.लिसंग ४१ थान पोल र ४१ सेट नटबोल्ट खरिद गरी ५९८६१८।- भुक्तानी भएकोमा निम्नानुसार पाइयो ।</td><td></td></tr>
<tr><td>३०.१.</td><td>उक्त खरिद उपभोक्ता समिति मार्फत सिधै खरिद भएको पाइँदा प्रतिस्पर्धा नहुनुका साथै सामान प्राप्त पश्चात स्पेशिफिकेसन बमोजिम प्राप्त भएको प्राविधिक जाँचपास प्रतिवेदन तयार गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३०.२.</td><td>उक्त पोलहरु गाडेको भनेतापनि तार जडान गरी विद्युत संचालन गरेको प्रतिवेदन समेत प्राप्त नभएकोले उक्त कार्य गरी रकमको उपयोग समयमै गर्ने व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.३.</td><td>उक्त सामानहरु विद्युत प्राधिकरणको सम्पत्ति हुने हो भने पूँजीकृत गरी सम्वन्धित निकायको शेयर कायम गर्ने तर्फ सम्बन्धित निकायहरुको समेत ध्यान जानु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३१.</td><td>भौ.नं.९।२०७६।१।१७ बाट ३६ वटा विद्यालयहरुको माग फारामको आधारमा विद्यार्थी पाठ्यपुस्तक, छात्रबृत्ति दलित/छात्रा अनुदान, बुक करनर अनुदान तर्फ विद्यालय खातामा रु.२९११४८३। निकासा खर्च लेखेको पाइयो । उक्त खर्च पुष्टि गर्ने विल, भरपाई, विद्यार्थी संख्या खुल्ने EMIS रिपोर्ट, छात्रबृत्ति वितरण गरेको भरपाई पेश नभएको रु.</td><td>२९११४८३</td></tr>
<tr><td></td><td>सर्शत (कृषि तथा पशु) :</td><td></td></tr>
<tr><td>३२.</td><td>बढी ग्रेड भुक्तानी : पारित तलबी प्रतिवेदन बमोजिम ग्रेड भुक्तानी गर्नु पर्नेमा निम्नानुसार कर्मचारीहरुलाई बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारी</th><th>मासिक खर्च</th><th>मासिक पाउने</th><th>ग्रेड बृद्धि</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>का.स. श्री विनोद भुजेल</td><td>२६४८</td><td>१३२४</td><td>श्रावण</td><td>१७२१२</td></tr>
</table></td><td>१७२१२</td></tr>
<tr><td>३३.</td><td>सर्शत अनुदान (प्रदेश सरकार)<br>न्यून प्रगति : आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.४६।०७५।८।३ को पत्रबाट गंगा खोला लिफ्टिङ खानेपानी योजनाको लागि रु.१,३५,००,०००।- बजेट विनियोजन भएकोमा मिति २०७५।११।८ को कार्यपालिका बैठकले तातोपानी लिफ्ट वाटर सप्लाई प्रोजेक्ट स्वीकृत गरी उक्त खानेपानी योजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) तयार गर्न भौ.नं.२।२०७६।१।२३ बाट कार्यालयले ग्रेट हिमालयन रिसर्च एण्ड सन्सल्ट प्रा.लि.लाई सिलबन्दी दरभाउपत्र लिई रु.४९००००।- खर्च लखेको पाइयो । प्रदेश सरकारबाट रु.१३५०००००।- बजेट विनियोजन भएकोमा डि.पि.आर सम्पन्न गरी रु.४९००००।- मात्र खर्च गरी न्यून प्रगति देखिन्छ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ७४ अनुसार पेश्की दिने र तोकिएको समयमा फछ्र्यौट गर्नु पर्दछ । कार्यालयले पुँजिगत तर्फ मिति २०७५।१२।१७ गते समाज सुधार समिति लाई रु. ३ लाख पेश्की दिएकोमा फछ्र्यौट गरेको देखिएन । नियमानुसार पेश्की असुल फछ्र्यौट गर्नु पर्ने रु.</td><td>३०००००</td></tr>
<tr><td>३५.</td><td>अद्यावधिक बेरुजु स्थिति : गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :<br>रु. हजारमा
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं. प.बाट कायम बेरुजु रु.</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>३०७६</td><td>०</td><td>३०७६</td><td>३०७६</td></tr>
</table></td><td></td></tr>
</table>

**अनुसुचि १**

## रामप्रसाद राई गाउँपालिकाको यो वर्षको बेरुजू बर्गीकरण
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | भोजपुर | रामप्रसाद राई गाउँपालिका | ३७ | १६ | २४६०० | ० | ० | ० | ३७ | १६ | २४६०० | ६७२ | १३११७ | १०५११ | ० | ० | २३६२८ | ० | ३०० | ३०० |

## स्थानीय तह सञ्चित कोष विवरण
**अनुसूचीः २**
## आर्थिक वर्ष २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५+९) |
| १ | रामप्रसाद राई गाउँपालिका | भोजपुर | ४११३२ | ७६३०० | २३०९१० | २६५१ | ३५०९९३ | १६१७८२ | ९६३८८ | ३०४४५ | २८८६१५ | ६२३७८ |

## अद्यावधिक वेरुजू स्थिति
**अनुसूचीः ३**
## आर्थिक वर्ष २०७५।७६
**रु. हजारमा**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| २ | रामप्रसाद राई गाउँपालिका | भोजपुर | ३०७६ | ० | ३०७६ | ० | २४६०० | २७६७६ |